# स्थानीय राजपत्र

| गौरीशंकर गाउँपालिका द्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड-२ | सङ्ख्या-१ | मितिः २०८१/०१/२१ |
| पहिलो संशोधन | | मितिः २०८२/०८/२२ |
| भाग १ | | |
| गौरीशंकर गाउँपालिकाको गाउँ कार्यपालिकाद्वारा तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ। | | |
| सम्वत् २०८२ सालको कार्यविधि सङ्ख्या-१ | | |

# गौरीशंकर गाउँपालिकाको कृषि पशुपन्छी तथा मत्स्य कार्यक्रम सञ्चालन कार्यविधि-२०८२

गौरीशंकर गाउँपालिका, दोलखा

## परिच्छेद १
## प्रारम्भिक

**१. प्रारम्भः**
गौरीशंकर गाउँपालिकाले संविधान र ऐनले प्रावधान गरेका अधिकारको उपयोग गरी कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि, व्यवसायीकरण र कृषि उद्यमशीलताको विकास गरी स्थानीय स्तरमा नै रोजगारीका अवसरहरूको सृजना गर्दै कृषकहरूको आयस्तर वृद्धि गर्ने उद्देश्य लिएको छ। यस उद्देश्यलाई हासिल गर्न यस गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र प्राथमिकताका आधारमा कृषकहरूको माग र आवश्यकता अनुसारका उपयुक्त कृषि प्रविधि तथा सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउनु अनिवार्य भएकोले सो का लागि कृषि विकास कार्यक्रमको तर्जुमा र सोको प्रभावकारी संचालन तथा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२, को उपदफा २ को अधिकार प्रयोग गरी **"कृषि पशुपन्छी तथा मत्स्य कार्यक्रम संचालन कार्यविधि २०८२"** गाउँ कार्यपालिकाबाट पारित गरी जारी गरिएको छ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि माः

(क) **"कार्यालय"** भन्नाले गौरीशंकर गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।
(ख) **"अध्यक्ष"** भन्नाले गौरीशंकर गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।
(ग) **"उपाध्यक्ष"** भन्नाले गौरीशंकर गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।
(घ) **"वडाध्यक्ष"** भन्नाले गौरीशंकर गाउँपालिका वडा नं १ देखि वडा ९ सम्मको वडाध्यक्ष सम्झनुपर्छ।
(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखकको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) “**कृषक समूह** ” भन्नाले गौरीशंकर गाउँपालिकाको कृषि तथा पशु शाखामा नियमानुसार दर्ता भएको समूह लाई सम्झनु पर्छ ।
(छ) “**निजी फर्म**” भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फर्म सम्झनु पर्छ ।
(ज) “**शाखा**” भन्नाले गाउँपालिकाको कृषि तथा पशुपंक्षी शाखा सम्झनु पर्छ ।
(झ) “**कानून**” भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ ।
(ञ) “**कार्यपालिका**” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

**३. दृष्टिकोण**

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवन स्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दिर्घकालिन दृष्टिकोण रहने छ ।

**४. उद्देश्यहरू**

व्यवसायीक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक वृद्धिदर हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्ने देहायका उद्देश्यहरु रहेका छन ।
(क) कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।
(ख) गाउँपालिकाभित्र कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको समग्र विकास गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
(ग) कृषक, पशुपालक तथा मत्स्य व्यवसायीहरूको आयस्तर वृद्धि गरी जीविकोपार्जनमा सुधार ल्याउनु ।
(घ) व्यावसायिक, आधुनिक, दिगो तथा जलवायु–अनुकूल कृषि प्रणालीको प्रवर्द्धन गर्नु ।
(ङ) कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रविधि हस्तान्तरण, तालिम र क्षमता अभिवृद्धि कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु ।
(च) स्थानीय स्रोत–साधनको अधिकतम उपयोग गरी आत्मनिर्भर कृषि प्रणाली विकास गर्नु ।
(छ) युवाहरूलाई कृषि तथा पशुपन्छी/मत्स्य व्यवसायतर्फ आकर्षित गरी रोजगारी सिर्जना गर्नु ।
(ज) खाद्य सुरक्षा, पोषण सुधार तथा स्थानीय उत्पादनको बजारिकरणमा सहयोग पुर्‍याउनु।
(झ) कार्यक्रम सञ्चालनमा पारदर्शिता, सहभागिता र जवाफदेहिता कायम गर्नु ।
(ञ) व्यवसायीक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी आन्तरिक तथा बाह्य बजारसँग प्रतिस्पर्धात्मक बनाउने ।
(ट) प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन प्रक्रिया

**५. कार्यक्रम सञ्चालन**

गौरीशंकर गाउँपालिकाको कृषि विकास समितिको निर्णयमा कार्यक्रम सञ्चालनको लागि शाखाले सूचना प्रकाशन, माग संकलन, तथा लाभग्राही छनौट गरी कृषि तथा पशुपंक्षी विकास शाखा मार्फत कार्यक्रम सञ्चालन गर्नेछ ।

**माग सङ्कलनः** यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग सङ्कलन गर्न कार्यालयले नियमानुसार समयमै सूचना प्रकाशन गर्नु पर्नेछ ।

कार्यविधिको परिच्छेद ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड / आधारभुत / प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक निवेदकले अनुसूची- २ बमोजिम आवेदन, अनुसुची-३ बमोजिमको प्रतिबद्धता पत्र, अनुसुची-४ बमोजिमको संक्षिप्त कार्ययोजना र अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

**लाभग्राही छनौटः** कार्यक्रमहरू अन्तर्गत अनुदान प्रदान गरिने कृयाकलापहरूको लागि प्रस्ताव मूल्याङ्कन तथा छनौटको कार्य स्थानीय कृषि विकास समितिले समितिले गर्नेछ । तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित कृयाकलापहरू सम्बन्धित शाखाले यस कार्यविधिको अधीनमा रहि प्रचलित कानून बमोजिम विधि निर्धारण गरी सञ्चालन गर्न सक्नेछन् । समितिले आवश्यकता अनुरुप विषयसँग सम्बन्धित पदाधिकारी, विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**कृषि विकास समितिको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) यस कार्यविधि बमोजिम मूल्याङ्कन तथा छनौटको आधारहरू तयार गर्ने ।

(ख) प्राप्त निवेदनहरूको मूल्याङ्कन र स्थलगत अनुगमन गरी अनुदानग्राही छनौट गर्ने ।

(ग) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराइने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने ।

(घ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने ।

(ङ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने ।

(च) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने ।

(छ) कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण गर्ने ।

**सचिवालयः** समितिको सचिवालयको कार्य कृषि तथा पशु शाखाले गर्नेछ ।

यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरूको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिस, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्य गरी समितिको काममा सहयोग गर्न समितिले कार्य समूह बनाउन सक्नेछ ।

**सम्झौताः** यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी कार्यालयले अनुदाग्राहीसँग सम्झौता गर्नेछ । सम्झौता बमोजिम कार्य सम्पादनको आधारमा कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम भूक्तानी गर्नेछ ।

साथै, कार्यालयले आवश्यकताको आधारमा प्रचलित कानून बमोजिम कृषि सामग्री खरिद गरी अनुदानको सिमा भित्र रही कृषि तथा पशु शाखा मार्फत वितरण गर्न बाधा पर्ने छैन । यसरी सामग्री वितरण गर्दा अनुदानको सिमा प्रतिशत समेत खुलाइएको समाग्री बुझायको भरपाई राख्नुपर्नेछ ।

**अनुदानको भुक्तानीः** नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ भने कार्यालयबाट खरिद गरी सामग्री हस्तन्तरण गर्नुपर्ने कार्यक्रमको लागि प्रचलित कानून बमोजिम हुनेछ ।

अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई अन्तिम भुक्तानी गरिनेछ ।

## परिच्छेद ३
## कार्यक्रमहरु

**६. व्यवसायीक फलफूल वगैचा स्थापना तथा व्यवस्थापन / फलफूल प्रवर्द्धन कार्यक्रमः**

**उद्देश्यः** स्थानीय तथा वाह्य बजारमा माग आपूर्ति गर्ने गरी फलफूल उत्पादन गर्न सहयोग पुर्याउनु ।

**कार्यविधिः** फलफूलका बोट बिरुवाहरू, काँटछाँट गर्ने सिकेचर, करौति, प्रुनिङ्ग गर्ने चक्कु, स्प्रेयर जस्ता उपकरणहरू कार्यविधिमा उल्लेख भए अनुसार उपलब्ध गराउन सकिने छ । एउटा स्थानमा एउटै कृषकले एउटै फलफूल बाली बोट संख्या १०० लाई व्यवसायीक बगैंचा मानिने छ ।

**आर्थिक पक्षः** फलफूलका बोट बिरुवाहरू, काँटछाँट गर्ने सिकेचर, करौति, प्रुनिङ्ग गर्ने चक्कु, स्प्रेयर जस्ता उपकरणहरूमा ७५ प्रतिशत सम्म अनुदानमा दिन सकिने छ ढुवानीमा पुरै अनुदान दिन सकिने ।

**७. बिरुवा प्याकेजिङ्ग चार्ज :**

**उद्देश्यः** फलफूलका बोट बिरुवाहरू ढुवानी गर्नु भन्दा अगाडि उचित प्याकेजिङ्ग ब्यवस्था मिलाउनु। कार्यविधिः ढुवानी गर्न भन्दा अगाडि बोट बिरुवा को प्रकृति हेरी कार्यविधि मा कायम गरिए अनुसार प्याकेजिङ्ग चार्ज उपलब्ध गराइने छ ।

**आर्थिक पक्षः** बिरुवा प्याकेजिङ्ग चार्ज किवी, सुन्तला जात, केरा, भुईकटहरू आदि बिरुवाहरू मा जम्मा मुल्यको १० प्रतिशत सम्न खर्च गर्न सकिनेछ ।

**८. व्यवसायीक तरकारी खेती विस्तार**

(१) अदक्ष वा अर्धदक्ष सिपको कारण व्यवसायीक कृषकहरूको जोखिम न्यूनिकरण गर्न र सम्भावित तरकारी उत्पादन पकेट क्षेत्रमा बढी मूल्य जाने तरकारी उत्पादन र विक्री वितरण तथा व्यवस्थापनबाट समुदायमा तरकारी व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने भएकोले व्यवसायीक तरकारी खेती विस्तारको ठूलो महत्व छ ।

**उद्देश्यः** व्यवसायीक तरकारी खेती बिस्तारको लागि कृषक, कृषि फर्म तथा कृषक समूह लाई प्रोत्साहन गरी तरकारीमा आत्मनिर्भर भै बाहिरी स्थानीय तह तथा जिल्लामा निर्यात प्रवर्द्धन गर्ने ।

**कार्यविधिः** तरकारी खेती गर्ने कृषकलाई बिउ, मल, पोलिब्याग, सिड ट्रे, टनेल प्लाष्टिक, मल्चिङ प्लाष्टिक, थोपा सिचाइ सेट, विषादी स्प्रेयर आदि आवश्यक कृषि समाग्री हरू उपलब्ध गराउन कार्यक्रम संचालन गर्नुपर्नेछ। अनुदानको शर्तहरू पुरा भए नभएको एकिन गर्न गाउँपालिका र सम्बन्धित वडा कार्यालयबाट स्थलगत अनुगमन गर्न सकिनेछ ।

**आर्थिक पक्ष :** कम्तीमा २-५ वटा सम्म नयाँ टनेल (बाँसको) निर्माण गरी तरकारी खेती गर्ने कृषकलाई प्रति टनेल एक थान टनेल प्लाष्टिक (६०gsm,९०gsm, 120gsm, 150gsm) एक थान थोपा सिचाइ सेट, एक थान क्यारेट र मल्चिङ प्लाष्टिक निःशुल्क दिन सकिनेछ ।

एउटै कृषकले छ वा छ वटा भन्दा धैरै नयाँ टनेल निर्माण गरी बेमौसमी तरकारी खेती गरेको अवस्थामा माथि उल्लेखित समाग्रीका अतिरिक्त माग बमोजिम एक थान हाते ट्याक्टर निःशुल्क दिन सकिनेछ। प्लाष्टिक टनेल निर्माणको लागि बिनियोजित बजेटको सिमा भित्र रहि बाँस तथा फलामे टनेल निर्माणमा समेत ५०% सम्म अनुदान दिन सकिनेछ । साथै, माथि उल्लेखित कार्यक्रमको लागि बजेट अपुग भएको अवस्थामा, बाँसको टनेल निर्माण गर्ने कृषकलाई मागको आधारमा ७५% सम्म अनुदानमा टनेल प्लाष्टिक तथा अन्य समाग्री कार्यालय बाट वितरण गर्न सकिनेछ ।

गौरीशंकर गाउँपालिका, दोलखा

**९. तरकारी वाली प्रदर्शन कार्यक्रम**

**उद्देश्यः** प्रदर्शन गरिएको प्रविधि स्थानीय हावा पानी सुहाउदो छ भन्ने कुरा देखाउदै नयाँ प्रविधिको उपयुक्तता शिद्ध गर्नु ।

**कार्यविधिः** सकभर सजिलै सँग निरीक्षण गराउन सकिने हिसावमा सडकको छेउ छाउमा प्रदर्शनको लागि कृषि शाखाले जग्गाको छनौट गर्नेछ। गाई वस्तुले नोक्सान पुर्याउने हुनु हुदैन। उक्त जग्गा उपलब्ध गराउने कृषकले नै कृषि प्राविधिकको प्रत्यक्ष निगरानीमा प्रदर्शन गरिने टनेलको व्यवस्थापन गर्नेगरी गाउँपालिकाले कृषक सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नेछ। तरकारी प्रदर्शन कार्यक्रम, प्रविधि प्रदर्शन, जातीय प्रदर्शन, तरिका प्रदर्शन, मलखाद प्रदर्शनको रुपमा गराई कृषकहरूलाई अवलोकन गराउनु पर्नेछ। प्रदर्शन प्लटमा प्रदर्शनको किसिम, कृषकको नाम, बाली र जात, क्षेत्रफल, मलखादको मात्रा, आरम्भ गरेको मिति आदि उल्लेख गरेको ब्यानर राख्नु पर्छ । प्रदर्शन प्लटमा कृषकहरू जुटाई समय समयमा अवलोकन गराउनु पर्नेछ ।

**आर्थिक पक्षः** टनेल प्लाष्टिक, मल, बीउ, विषादि, औजार उपकरण खरीद तथा समाग्री ढुवानी गर्न र कृषक तालिम संचालन गर्न प्रदर्शन बोर्ड बनाउन र कार्यक्रम अनुगमन निरीक्षण गर्नको लागि स्वीकृत कार्यक्रमको रकम खर्च गर्न सकिने छ ।

**१०. उन्नत तथा हाइब्रिड बीउ वितरण कार्यक्रम (तरकारी बाली)**

**उद्देश्यः** कुनै एक स्थानमा लोकप्रिय भएको तरकारी बालीको बीउमा किसानको सर्वसुलभ पहुँच पुर्याउने ।

**कार्यविधिः** कुनै एक स्थानमा लोकप्रिय भएको स्तरिय तरकारी बालीहरूको बीउ खरिद गरी बीउको जात, लगाउने समय,मल, सिंचाई, कटानी गर्ने समय र अनुमानित उत्पादन आदिको विवरण कृषकहरूलाई जानकारी गराउनु पर्छ।

**आर्थिक पक्षः** तरकारीको उन्नत तथा हाइब्रिड बीउ वितरण कार्यक्रम संचालन गर्न कार्यालयबाट बीउ खरिद गरी कृषकहरूलाई वडा कार्यालय/सेवा केन्द्र र सम्बन्धित शाखाबाट निःशुल्क वा ७५ प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।

**११. मसला वाली प्रवर्द्धन कार्यक्रम**

**उद्देश्यः** कृषकहरूलाई लसुन, अलैंचि, अदुवा तथा बेसार उत्पादन तर्फ उन्मुख गराइ मसला बालीमा आत्मनिर्भर हुने ।

**आर्थिक पक्षः** लसुन, अलैंचि, अदुवा तथा बेसारको गुणस्तरीय बीउ ५० प्रतिशत सम्म अनुदानमा दिन सकिनेछ ।

**१२. आकस्मिक/महामारीजन्य पशुपन्छी रोग नियन्त्रण तथा बाली संरक्षण सेवाः**

**उद्देश्यः** गाउँपालिका अन्तर्गतका कृषकको पशु वस्तु तथा बालीनालीमा रोग कीरा को प्रकोप बाट संरक्षण गर्न आकस्मिक सेवा पुर्याउनु ।

**कार्यविधिः** गाउँपालिका अन्तर्गतका कृषकको पशु वस्तु तथा बालीनालीमा रोग कीराको प्रकोप/महामारी देखिनासाथ कृषक, कृषक समूह समेत परिचालन गरी आवश्यक रोग नियन्त्रण तथा बाली संरक्षणका उपायहरू प्रयोग गरी खोप, औषधि, विषादी, स्प्रेयर, डस्टर, उपकरण आदि के कति आवश्यक पर्छ सोको व्यबस्था गरी आकस्मिक प्रकोप/महामारी नियन्त्रण गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

**आर्थिक पक्ष :** प्राप्त प्रकोप सम्बन्धी सूचना र मागको आधारमा प्रकोप नियन्त्रण समाग्री, खोप, औषधि तथा, विषादी खरिद गरी कृषकहरूलाई वडा कार्यालय/सेवा केन्द्र र सम्बन्धित शाखाबाट निशुल्क वितरण गर्न सकिनेछ। साथै पशुपन्छीमा आकस्मिक महामारी रोग फैलिएमा खोप लगाउने प्राविधिकहरुलाई नियमानुसार खोपको पारिश्रमिक दिन सकिनेछ ।

**१३. कृषि तथा पशु औजार उपकरण बितरण**

**उद्देश्यः** उन्नत प्रबिधि अबलम्बन गर्ने, उत्पादन लागत कम गर्ने र कृषकहरूलाई कृषि यन्त्रिकरण कार्यक्रममा उत्प्रेरित गर्ने ।

**कार्यविधिः** कृषकहरूको आवश्यकता अनुसारका समाग्रीहरू मागको आधारमा पहिचान गरी कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीमा रहनेगरी भरपाई समेत बनाई उपलब्ध गराउने व्यबस्था मिलाउनु पर्नेछ ।

**आर्थिक पक्षः** कृषि औजार उपकरणहरू, च्याफ कटर, मेटलबिन (सिडबिन), स्प्रेयर, कर्नसेलर, डस्टर, मिनी/पावर टीलर, थ्रेसर, धान काट्ने मेसिन, घाँस काट्ने मेसिन, मौरी घार तथा मौरी पालन उपकरण आदिमा बढिमा ५० प्रतिशत सम्म अनुदानमा वितरण गर्न सकिनेछ ।

**१४. उन्नत तथा हाईब्रिड तरकारीको बीउ बितरण :**

**उद्देश्यः** कृषकहरूलाई तरकारी खेतीतर्फ प्रोत्साहित गर्नु ।

**कार्यविधिः** तरकारी उत्पादन कृषक, कृषि तथा पशुपन्छी फर्म, कृषक समूह, कृषि सहकारी लाई बीउ उपलब्ध गराउनुपर्नेछ ।

**आर्थिक पक्ष :** तरकारी उत्पादन कृषक, कृषि तथा पशुपन्छी फर्म, कृषक समूह, कृषि सहकारी लाई तरकारीको बीउको मुल्यमा ८० प्रतिशत सम्म अनुदान दिन सकिनेछ । त्यसको लागि कार्यालयबाट तरकारीको बीउ खरिद गरी कृषकहरूलाई सेवा केन्द्र वा सम्बन्धित शाखाबाट वितरण गर्न सकिनेछ ।

**१५. माटो परीक्षण शिविर संचालन :**

**उद्देश्यः** कृषक सहभागितामा उवर्रा शक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो बिश्लेषण गर्नु र माटो व्यवस्थापन सम्बन्धी प्रबिधिहरू सिफारिस गर्नु ।

**कार्यविधिः** माटो परीक्षण शिविर संचालन गर्न आवश्यक पर्ने रसायन उपकरणहरू (किट बक्स) र प्राबिधिक सेवा उपलब्ध गराउनु पर्नेछ।माटो व्यवस्थापन तालिमसँग आबद्ध गरी माटो परीक्षण कार्यक्रम संचालन गर्नुपर्दछ । गाउँपालिकाले प्रदेश संघीय माटो परिक्षण प्रयोगशाला सँग समेत समन्वय गरी शिविर सञ्चालन गर्न सक्नेछ ।

**आर्थिक पक्षः** चियापान, स्टेशनरी, व्यवस्थापन, ब्यानर आदीको लागि नियमानुसार खर्च गर्न सकिने छ । विज्ञ तथा कर्मचारीको दै.भ.भ नियम अनुसार दिन सकिने । माटो परीक्षण का लागि आवश्यक रियजेन्ट, स्वायल किट बक्स, इन्धन आदिको लागि नियमानुसार खर्च गर्न सकिने छ ।

**१६. कृषि चुन तथा जिप्सम बितरणः**

**उद्देश्यः** माटो परीक्षण नतिजाको आधारमा देखिएको समस्या हटाउन कृषि चुन तथा जिप्सम प्रयोग गरी माटो गुणस्तर अभिवृद्धि गराउन कृषकहरूलाई उत्प्रेरित गर्नु ।

**कार्यविधिः** माटो परीक्षणको नतिजा तथा अन्य अध्ययनको आधारमा कृषि चुन तथा जिप्सम प्रयोग गर्न आवश्यक परेको ठाउँमा प्राविधिकको सिफारिस अनुसार चुन तथा जिप्समको प्रयोग गर्नुपर्दछ ।

**आर्थिक पक्ष :** कृषि चुन तथा जिप्सम प्रयोग गर्ने स्थानमा आवश्यकता अनुसार सिफारिस मात्रा निःशुल्क अनुदानमा उपलब्ध गराउन सकिनेछ ।

**१७. प्लास्टिक टनेल बितरण कार्यक्रमः**

**उद्देश्यः** कृषकहरूलाई बेमौसमी तरकातरी खेतीतर्फ प्रोत्साहित गर्नु ।

**कार्यविधिः** टनेल वितरण गर्नुपुर्व सार्वजानिक सूचना प्रकाशन गरी कृषकहरुलाई अनिवार्य रुपमा बाँसको वा फलामे टनेल निर्माण गर्न लगाउनु पर्नेछ र गाउँपालिकाले टनेल निर्माण गरे नगरेको अनुगमन गरी टनेल निर्माण गरेका तरकारी उत्पादन कृषक, कृषि फर्म र कृषक समूह तथा कृषि सहकारीहरूलाई टनेल उपलब्ध गराउनु पर्नेछ।
**आर्थिक पक्ष :** तरकारी उत्पादन कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी हरूलाई गाउँपालिकाले टनेल खरिद गरी निःशुल्क वा ७५% अनुदानमा वितरण गर्न सकिनेछ।

**१८. क्रप कटिङ कार्यक्रम**

**उद्देश्य :**वालीको उत्पादकत्व र उत्पादन निर्धारण गर्नु ।
**कार्यविधि :** आफ्नो गाउँपालिका भित्र विभिन्न वालीहरूको कुल उत्पादन अनुमान गर्नको लागि र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष विभाजन गरी उत्पादन तथ्यांक लिनु पर्दछ । प्रत्येक उत्पादनको १० वर्ग मिटरको बाली कटानी गर्नु पर्छ । यस्ता ५ वटा क्रप कटिङ रेण्डोमाइज्ड नमुनाबाट उत्पादन लिनु पर्छ।सिँचित, असिंचित क्षेत्र, उन्नत तथा स्थानीय जातले ढाकेको क्षेत्रबाट कप कटिङ्ग गरी उत्पादन र उत्पादकत्वको तथ्याङ्ग निर्धारण गर्नुपर्छ।
**आर्थिक पक्ष :** क्रप कटिङ्गमा खटिने कर्मचारीको लागि खाना, खाजा, यातायात वा दै भ भ मा खर्च गर्न सकिनेछ। प्रति क्रप काटिङ गरेको ज्याला वापत रु. ५०० ।- खर्च गर्न सकिने छ ।

**१९. उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम**

कृषि पेशालाई सम्मानित तथा व्यवसायीक बनाउन र कृषकहरूलाई परम्परागत कृषिको रूपान्तरण र आधुनिकीकरण गर्न प्रोत्साहित गरी युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्न गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ ।
**कार्यविधिः** गाउँपालिका देहाय बमोजिमको एक छनौट समिति रहनेछ –
**संयोजक**-प्रमुखप्रशासकिय अधिकृत
**सदस्य**- प्रमुख, पशु शाखा
**सदस्य सचिव**- प्रमुख, कृषि शाखा
दुइ जना सम्म गाउँपालिकाबाट अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ । छनौट समितिले कार्यक्रम सञ्चालनको लागि पुरस्कारको विधा खुलाई सूचना प्रकाशन गर्ने, आवेदन संकलन, स्थलगत प्रमाणीकरण तथा कृषक छनौट गर्ने कार्य गर्ने छ।
**मुल्याङ्कनका आधारहरुः**

| क्र.सं. | कार्यविधि | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिति एवं उपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभव र योगदान | १० | |
| ३ | उत्पादन तथा उत्पादकत्व स्थिति | १० | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारीको श्रृजनाको स्थिति | १५ | |
| ६ | कृषि व्यवसायमा लगानीको स्थिति | ५ | |
| ७ | कृषि व्यवसायको आम्दानी र प्रतिफलको स्थिति | १० | |
| ८ | कार्यालय र प्राविधिक सँग सम्पर्कको स्थिति | ५ | |
| ९ | प्राविधिक ज्ञान सीपको जानकारी तथा प्रयोग स्थिति | १० | |
| १० | कृषि व्यवसायको दिगोपनाको स्थिति | १० | |

| | | | |
|---|---|---|---|
| ११ | सृजनात्मक कार्य गरेको | १० | |
| जम्मा | | १०० | |

**<u>उत्कृष्ट कृषक पुरस्कार वितरणः</u>**

छनौट भएका कृषकहरूलाई गाउँपालिकामा विशेष कार्यक्रमको आयोजना गरी नगद पुरस्कार र प्रमाण-पत्र सहित सम्मान गरिनेछ । छनौट भएका कृषकहरूलाई प्रदान गरिने नगद पुरस्कारको रकम गाउँपालिका स्तरीय कृषि विकास समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**आर्थिक पक्षः** कार्यक्रम लागत अनुमान स्वीकृत गराइ आवश्यक, सहभागि भत्ता, खाजा, खाना, स्टेसनरी, मसलन्द समाग्री तथा पुरस्कारमा खर्च गर्न सकिनेछ ।

### २०. व्यवसायीक पशुपालन, पन्छीपालन तथा मत्स्यपालन प्रवर्द्धन/प्रोत्साहन कार्यक्रम

**उद्देश्यः** व्यवसायीक गाई, भैंसि, बाखा, भेडा, बङ्गुर, माछा आदि उत्पादनलाई प्रोत्साहन गरी मासु तथा दुधमा आत्मनिर्भर हुने ।

**कार्यविधिः** कार्यविधिमा उल्लेख गरिए अनुसार पशु, पन्छि तथा मत्स्य पालनमा संलग्न कृषकलाई पशु नश्ल सुधार, गोठ निर्माण तथा सुधार, पोखरी निर्माण/सुधार आदिमा अनुदान उपलब्ध गराइनेछ । कम्तीमा २ वटा स्थानीय उन्नत वा उन्नत क्रस गाई/भैंसी/बङ्गुर, कम्तिमा १० वटा चौरी, १० वटा स्थानीय उन्नत वा उन्नत क्रस भेडा बाखा, १०० वटा सम्म पन्छी र माछाको हकमा ५० बर्ग मिटर क्षेत्रफलको पोखरीमा १०० वटा फिंगरलिङ्ग साइजको माछापालन गर्ने कृषकलाई कार्यक्रममा समावेश गराइनेछ । कृषक समूह तथा कृषि सहकारी हरुको हकमा कम्तिमा समुह सहकारीको ५ जना सदस्यले पशुपन्छि तथा मत्स्यपालन गरेको हुनुपर्नेछ र पशुपन्छी तथा मत्स्यको संख्या/क्षेत्रफल माथि उल्लेख भए बमोजिम नै (प्रतेक सदस्यमा) लागु हुनेछ ।

**आर्थिक पक्ष :** तोकिएको शर्त पुरा गर्ने कृषकलाई पोखरी तथा गोठ निर्माण/मर्मत सूधार र पशुपन्छी खरिद, मत्स्यको भुरा खरिद लगायत उल्लेखित अनुदानको सिमा भित्र रही अनुदानग्राहीको माग अनुसार सम्बन्धित व्यवसाय वृद्धिको लागि आवश्यक पर्ने दाना/साना यन्त्र/उपकरण लगयातका अन्य समाग्री कार्यक्रममा समेत अनुदान प्रदान गर्न सकिने छ ।

सम्बन्धित प्राविधिकले तयार पारेको लागत अनुमानको आधारमा पुर्वधार निर्माणको हकमा ७५ प्रतिशत सम्म र अन्य सम्पुर्ण क्रियाकलापमा ५० प्रतिशत सम्म अनुदान दिन सकिने छ ।

### २१. नमुना गोठ तथा भकारो सुधार कार्यक्रम

**उद्देश्यः** गाउँपालिका भित्रका कृषकहरूलाई व्यवस्थित पशुपालन तर्फ अग्रसर गराइ खेर गैरहेको मलमुत्रको प्रयोगले माटोको उर्वराशक्ति सुधार गर्नु ।

**कार्यविधिः** गाउँपालिका भित्रका गाई भैंसीपालक कृषकहरूलाई भकारो सुधारमा अनुदान उपलब्ध गराउन कम्तिमा दुई ओटा वयस्क गाई/गोरू वा भैंसी/रागो पालेको हुनपर्नेछ र तोकिएको कार्यविधि पुरा गरेका कृषकलाई गाउँपालिकाले छनौट गरी कार्यक्रम सञ्चालन गर्ने छ ।

**आर्थिक पक्षः** सम्बन्धित प्राविधिकले तयार गरेको लागत अनुमानको आधारमा गाउँपालिका बाट ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिने छ ।

गौरीशंकर गाउँपालिका, दोलखा

**२२. कृषकहरूलाई (हिउँदे तथा बर्षे) घाँसको बीउ तथा बिरुवा वितरण कार्यक्रम**

**उद्देश्यः** गाउँपालिका भित्रका कृषकहरु लाई व्यवसायीक पशुपालन तर्फ अग्रसर गराउन, घाँस खेती प्रवर्द्धन गर्नु । **कार्यविधिः** गाउँपालिका भित्रका पशुपालक कृषकहरूलाई सबै सिजनमा घाँसको उपलब्धता सुनिश्चित गर्न बर्षे तथा हिँउदे घाँसका बीउ तथा बिरुवा गाउँपालिकाले विरतण गर्नेछ ।

**आर्थिक पक्ष :** पशुपालक कृषक, कृषक समूहहरूलाई बर्षे तथा हिँउदे घाँसका बीउ तथा बिरुवा मा ७५ देखि १०० प्रतिशत सम्म कार्यक्रम बनाई अनुदान दिन सकिनेछ। त्यसको लागि कार्यालयबाट घाँसका बीउ तथा बिरुवा खरिद गरी कृषकहरूलाई सेवा केन्द्र वा सम्बन्धित शाखाबाट वितरण गर्न सकिनेछ ।

**२३. कृषि तथा पशुपंक्षी बिमा गर्ने किसानलाई प्रोत्साहन सहयोग कार्यक्रम**

**उद्देश्यः** कृषि तथा पशुपंक्षी बिमामा किसानहरूलाई प्रोत्साहित गरि कृषिमा हुने जोखिमको न्यूनिकरण गर्नु । **कार्यविधिः** कृषि, पशुपंक्षी तथा जडिबुटी बिमा सम्बन्धी संघीय निर्देशिका बमोजिम सम्बन्धित बिमा कम्पनीमा कानुन अनुसार बिमा गरेको कुनैपनि कृषि तथा पशु वस्तुमा अनुदान उपलब्ध गराइनेछ ।

**आर्थिक पक्षः** सम्बन्धित बाली तथा वस्तुको विमालेख अनुसार कृषकले व्यहोर्नुपर्ने वार्षिक शुल्कको ५० प्रतिशत रकम कार्यालयबाट अनुदान प्रदान गरिनेछ ।

**२४. कृषि तथा पशु स्वास्थ्य शिविर सञ्चालन**

**उद्देश्यः** कृषि तथा पशु सम्बन्धी रोग, कीरा तथा महामारी नियन्त्रणको लागि किसानहरूलाई जनचेतना अभिवृद्धि गरी रोग कीरा नियन्त्रणमा सहयोग पुर्याउने ।

**कार्यविधिः** कृषकहरूलाई पायक पर्ने ठाउ छनौट गरी उक्त स्थानमा सम्बन्धित विषय विज्ञ सहितको टोलिद्वारा कृषकहरूका समस्याहरूको पहिचान गरी समाधान गर्ने ।

**आर्थिक पक्ष :** कर्मचारीको दै. भ्र. भ. खाजा, खाना, स्टेसनरी, ब्यानर, हल, यातायात तथा शिविरको लागि आवश्यक औषधि, विषादि तथा विषयवस्तु सँग सम्बन्धित कृषि समाग्री बितरणमा नियमानुसार खर्च गर्न सकिनेछ।

**२५. उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान**

**उद्देश्यः** गौरीशंकर गाउँपालिका क्षेत्रभित्र गाई/भैसि र चौरीपालन व्यवसायलाई प्रवर्द्धन गरी दुग्ध बजारिकरणमा टेवा पुर्याउनु ।

**कार्यविधिः** अनुदान रकम वितरण गर्न दुध संकलन गर्ने संकलक, पशुपालक कृषक, संकलन केन्द्र, समूह वा सहकारीहरूले खरिद गरेको दुधको आधारमा व्यावसायीक कृषकहरूलाई प्रदान गरिने दुधको अनुदानको रकम प्रतिलिटर रु ५ भन्दा बढि नहुने गरि वितरण गरिने छ । यसरी अनुदान उपलब्ध गराउन तोकिएको दुग्ध संकलक/बिक्रेताले दुध खरिद बिक्रिको अभिलेख अनिवार्य राख्नु पर्नेछ र उक्त अभिलेख सम्बन्धित वडा अध्यक्ष मार्फत प्रमाणित गराइ प्रविधिक कर्मचारीले गाउँपालिकामा पेश गर्नुपर्ने छ। दुध उत्पादकले उत्पादन गरेको दुध मध्य तोकिएको दुग्ध संकलक /बिक्रेता लाई विक्रि वितरण गरेको दुधको प्रमाणित रेकर्डको आधारमा सम्बन्धित प्राविधिक कर्मचारीले पेश्की वा सोधभर्ना लिइ अनुदान रकम सम्बन्धित कृषकलाई भरपाई गराइ उपलब्ध गराउन सक्नेछ ।

**२६. सचेतना अभिवृद्धि, तालिम गोष्ठी, कार्यक्रम**

**(क) वडा स्तरीय घुम्ती तालिम**

स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही शाखाले वडा स्तरीय एक दिने स्थलगत तालिम सञ्चालन गर्नेछ । वडा भित्रका व्यवसायीक कृषक समूह समिति सदस्यहरू यस तालिमका सहभागी हुनेछन् ।

गौरीशंकर गाउँपालिका, दोलखा

तालिममा ४ वटा कक्षा हुने छन ।
कृषकहरूलाई यस तालिममा कृषि, पशु पालन व्यवसाय संग सम्बन्धित आधारभुत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
सहभागी छनौटको जिम्मेवारी जनप्रतिनिधि तथा शाखाको हुनेछ ।
**आर्थिक पक्षः** तालिमको लागि आवश्यक, सहभागि तथा प्रशिक्षक भत्ता, खाजा, खाना, स्टेसनरी, यातायात, तालिम समाग्री तथा विषयवस्तु सँग सम्बन्धित कृषि समाग्री निःशुल्क विरणमा नियमानुसार खर्च गर्न सकिनेछ ।

**(ख) गाउँपालिका स्तरीय तालिम**

स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही शाखाले गाउँपालिका स्तरीय अधिकतम ३ (तीन) दिने तालिम सञ्चालन गर्नेछ ।
गाउँपालिका भित्रका व्यवसायीक कृषक, समूह समिति सदस्यहरू यस तालिमका सहभागी हुने छन । तालिममा प्रति दिन ४ वटा कक्षा हुने छन ।
कृषकहरूलाई यस तालिममा कृषि, पशु पालन व्यवसाय सँग सम्बन्धी निर्धारित विभिन्न विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरीनेछ ।
सहभागी छनौटको जिम्मेवारी जनप्रतिनिधि तथा शाखाको हुनेछ ।
तालिममा आवश्यकता र औचित्यका आधारमा विषय विज्ञबाट प्रशिक्षण गराउन सकिने छ ।
बाह्य प्रशिक्षकलाई प्रचलित नियम बमोजिम भत्ता उपलब्ध गराई प्रशिक्षण गराउन सकिने छ ।
**आर्थिक पक्षः** तालिमको लागि आवश्यक, सहभागि तथा प्रशिक्षक भत्ता, खाजा, खाना, स्टेसनरी, यातायात, तालिम समाग्री तथा विषय वस्तु सँग सम्बन्धित कृषि समाग्री निशुल्क वितरणमा नियमानुसार खर्च गर्न सकिनेछ ।

**(ग) गोष्ठी, सेमिनार**

शाखाले स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि आफ्ना कार्यक्रमसँग सम्बन्धित विषयमा गोष्ठी ,सेमिनारको आयोजना गर्नेछ ।
गोष्ठी, सेमिनार विषयवस्तु हेरि एक दिन वा सो भन्दा बढि अवधीका हुनेछन ।
गोष्ठी, सेमिनारमा विषयवस्तुको गाम्भीर्यता हेरि कार्यपत्र प्रस्तुति तथा सहजिकरणका लागि विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।
गोष्ठी कार्यक्रम सञ्चालनको आर्थिक पक्ष प्रचलित कानून बमोजिम हुनेछ ।

**२७. प्राविधिक हरुको बैठक संचालन**

**उद्देश्यः** गाउँपालिका अन्तर्गत वडा, सेवा केन्द्र र क्लिनिकमा कार्यरत कृषि/पशुपन्छि तथा मत्स्य प्राविधिक हरुसंग वडा स्तरीय कृषि /पशुपन्छी तथा मत्स्य सम्बन्धि योजनाहरुको प्रगती, मौसम अनुसार फैलन सक्ने रोग/किराको प्रकोपको बारेमा छपलफल लगायतका अन्य समसामयिक गतिविधि र भावि योजनाको बारेमा छलफल गर्ने ।
**कार्यविधिः** मासिक/ द्धैमासिक/ त्रैमासिक/चौमासिक, अर्धवार्षिक र बार्षिक रुपमा बैठक संचालन हुनेछ । आवश्यकता अनुसार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष र सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
**आर्थिक पक्ष :** कर्मचारीको दै. भ्र. भ. खाजा, खाना, आवास, स्टेसनरी, ब्यानर, यातायातमा नियमानुसार खर्च गर्न सकिनेछ ।

### २८. अगुवा कृषक भ्रमण कार्यक्रम

**उद्देश्यः** गौरीशंकर गाउँपालिका भित्रका कृषि व्यवसायमा आवद्ध अगुवा कृषक हरुलाई उन्नत, आधुनिक तथा व्यावसायिक कृषि, पशुपन्छी तथा मत्स्य अभ्यासबारे कृषकलाई प्रत्यक्ष जानकारी गराई सफल नमुना कृषक, कृषि फार्म, सहकारी तथा उद्यमको अनुभव आदान–प्रदान गराई नयाँ प्रविधि, उन्नत जात, उत्पादन प्रविधि, रोग–व्यवस्थापन र बजारिकरणका अभ्यास सिकाउनु तथा कृषकहरूको ज्ञान, सीप र आत्मविश्वास वृद्धि गर्दै व्यावसायिक सोच विकासमा परिवर्तन ल्याई स्थानीय स्तरमा सिकेका सीप र प्रविधि लागू गर्न प्रेरित गरी कृषक बीच नेटवर्क, सहकार्य र सामूहिक सिकाइ प्रवर्द्धन गर्नु ।

**कार्यविधिः** गाउँपालिका भित्रका ९ वटै वडाका इच्छुक, सक्रिय तथा व्यावसायिक कृषकहरूबाट प्राथमिकताका आधारमा छनोट गरिनेछ। महिला, दलित, जनजाति, युवा तथा लक्षित वर्गलाई प्राथमिकता दिइनेछ। उन्नत कृषि, पशुपन्छी वा मत्स्य अभ्यास भइरहेको नमुना फार्म, अनुसन्धान केन्द्र, तालिम केन्द्र वा सहकारी छनोट गरिनेछ। भ्रमण अवधि, सहभागी संख्या, यात्रा मार्ग, बसोबास तथा तालिका स्पष्ट रूपमा निर्धारण गरिनेछ। कृषि/पशु सेवा शाखाका प्राविधिक वा विज्ञको सहभागितामा प्राविधिक जानकारी प्रदान गरिनेछ। प्रत्यक्ष अवलोकन, अन्तरक्रिया, प्रश्न–उत्तर तथा अनुभव आदान–प्रदान गरिनेछ। सहभागी कृषकबाट सिकाइ अनुभव संकलन गरी संक्षिप्त प्रतिवेदन तयार गरिनेछ ।

**आर्थिक पक्ष :** भ्रमणको लागि आवश्यक यातायात, खाना, खाजा, आवास, सहजरिकरण खर्च, स्टेसनरी, ब्यानर, प्रतिवेदन तयारी, कर्मचारीको दै. भ्र. भ.लयातका आवश्यक सम्बन्धित कार्यमा नियमानुसार खर्च गर्न सकिनेछ ।

### २९. फलफूल नर्सरी स्थापना कार्यक्रम

**उद्देश्यः** गुणस्तरीय, रोगमुक्त तथा प्रमाणित फलफूलका बिरुवा स्थानीय स्तरमै उत्पादन गरी कृषकलाई सहजरूपमा समयमै फलफूलका बिरुवा उपलब्ध गराई उत्पादन लागत घटाउनु तथा कृषकको आयआर्जन वृद्धि गरी आयात प्रतिस्थापन र स्थानीय उत्पादनमा आत्मनिर्भरता बनाइ कलमी/ग्राफ्टिङ वितरण गर्नु ।

**कार्यविधिः** नर्सरी स्थापना गर्न ईच्छुक कृषकलाई बीउ/विरुवा, मल, पोलिब्याग, सिड ट्रे, टनेल प्लाष्टिक, मल्चिङ प्लाष्टिक, थोपा सिचाइ सेट, विषादी स्प्रेयर, आधुनिक नर्सरी घर, नर्सरी जाली घर लगायतका आवश्यक कृषि समाग्रीहरू र भौतिक पुर्वधार निर्माण गर्न/गराउन कार्यक्रम संचालन गर्नुपर्नेछ। अनुदानको शर्तहरू पुरा भए नभएको एकिन गर्न गाउँपालिका र सम्बन्धित वडा कार्यालयबाट स्थलगत अनुगमन गर्न सकिनेछ। भौतिक पुर्वधार निर्माणमा ७५% सम्म र अन्य क्रियाकलापमा ५०% अनुदान दिन सकिनेछ ।

**आर्थिक पक्षः** नर्सरी निर्माण, मल, बीउ/विरुवा, विषादि, औजार उपकरण खरीद तथा समाग्री ढुवानी गर्न र कृषक तालिम संचालन गर्न प्रदर्शन बोर्ड बनाउन र कार्यक्रम अनुगमन निरीक्षण गर्नको लागि स्वीकृत कार्यक्रमको रकम खर्च गर्न सकिने ।

### ३०. पशु नश्ल सूधार कार्यक्रम/बोका, साँढे, राँगो वितरण कार्यक्रम

**उद्देश्यः** नश्ल सूधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गरी कृत्रिम गर्भाधान सेवा नपुगेका क्षेत्रमा प्राकृतिक प्रजननको सुविधा विस्तार गरी कृषकको आयआर्जन र जीविकोपार्जन सुधार गर्नु ।

**कार्यविधिः** गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजानिक सूचना प्रकाशन गरी माग संकलन गरी प्रचलित कानुन बमोजिम बोका/साँढे/राँगो खरिद गरी निम्न मादण्डको आधारमा लाभग्राही छनौट गरी वितरण गर्नुपर्नेछ ।

**छनौट मादण्डहरु**

| क्र.स. | सुचाङ्क आधार मादण्ड | अधिकतम सम्भव्यत अंक | प्राप्त अंक |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | पशुपालन गरिरहेका सक्रिय कृषक | १० | |
| २ | पशु राख्न उपयुक्त गोठ, चरन क्षेत्र र व्यवस्थापन क्षमता भएको | १० | |
| ३ | कृत्रिम गर्भाधान सेवा नपुगेको/कम पुगेको क्षेत्र का कृषक | १० | |
| ४ | व्यावसायिक पशुपालनतर्फ उन्मुख कृषक महिला, दलित, जनजाति, विपन्न तथा सीमान्त कृषक | १० | |
| ५ | अघिल्लो वर्ष समान कार्यक्रमबाट लाभ लिइसकेको | ५ | |
| ६ | लागत साँजेदारी गर्न सक्ने क्षमता | ५ | |
| **जम्मा** | | **५०** | |

कार्यक्रममा छनौट भएका कृषकहरुलाई बोका/साँढे/राँगो वितरण गर्दा अनिवार्य पशु बीमा गर्ने र कम्तिमा ५ बर्ष सम्म विक्रि नगर्ने (मृत्यु भएको अवस्था बाहेक) लिखित सम्झौता गरी वितरण गर्नुपर्नेछ। ५ बर्ष भित्र पशुको मृत्यु भएको अवस्थामा बीमा मार्फत प्राप्त हुने रकमले पुनः पशु खरिद गर्नुपर्नेछ।

**आर्थिक पक्षः** पशु नश्ल सूधार कार्यक्रम संचालन गर्न कार्यालयबाट बोका, साँढे, राँगो खरिद तथा ढुवानी गरी कृषकहरूलाई वडा कार्यालय/सेवा केन्द्र र सम्बन्धित शाखाबाट ५०% प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ।

**३१. कृषि विषादी/पशुपन्छी औषधी तथा प्रोटिन बेटन बितरण कार्यक्रम :**

**उद्देश्यः** कृषकहरूको कृषि तथा पशुपालन व्यवसायलाई सुरक्षित, उत्पादनमुखी र व्यावसायीक बनाउनु हो।

**कार्यविधिः** गाउँपालिकाभित्रका कृषक, कृषक समूह, कृषि सहकारी संस्था तथा व्यावसायिक फार्महरूको आवश्यकता र समस्याको आधारमा आवश्यक औषधि, विषादी तथा प्रोटिन वेट उपलब्ध गराइनेछ। बालीमा लाग्ने रोग तथा किराको नियन्त्रण, पशुपन्छीमा देखिने विभिन्न रोगको रोकथाम तथा उपचार, साथै फलफूल तथा तरकारी बालीमा हानिकारक कीरा नियन्त्रणका लागि प्रोटिन बेट वितरण गरिनेछ। वितरण गरिने औषधि, विषादीहरु नेपाल सरकारबाट स्वीकृत, गुणस्तरीय तथा सुरक्षित हुनुपर्नेछ। सामग्री वितरण गर्दा सम्बन्धित प्राविधिकद्वारा प्रयोग विधि, मात्रा, सुरक्षा सावधानी तथा भण्डारण सम्बन्धी आवश्यक जानकारी प्रदान गरिनेछ। वितरण कार्य पशु क्लिनिक, पशु सेवा केन्द्र, कृषि तथा पशु शाखा मार्फत अभिलेख राखी वितरण गरिनेछ भने वितरणपछि प्राविधिक कर्मचारीबाट अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी प्रयोग सुनिश्चित गरिनेछ।

**आर्थिक पक्ष :** कृषि विषादी र पशुपन्छीको औषधी निःशुल्क रुपमा र प्रोटिन बेट ७५% सम्म अनुदान दिन सकिनेछ। त्यसको लागि कार्यालयबाट आवश्यक विषादी, औषधी तथा प्रोटिन वेट प्रचलित कानुन बमोजिम खरिद गर्नुपर्नेछ।

**३२. यस परिच्छेदमा उल्लेख नभएका तर कार्यालयको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका कुनैपनि कृषि तथा पशु सम्बन्धी कार्यक्रमको संचालन प्रक्रिया परिच्छेद २ बमोजिम नै हुनेछ।**

## परिच्छेद ४
## बिबिध

**३३. अनुगमन तथा मुल्याङ्कनः** गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार अनुगमन निरिक्षण गर्न सक्नेछन। यसरी अनुगमन बाट दिईएको मौखिक वा लिखित पृष्ठपोषण पालना गर्नु साँझेदारको कर्तव्य हुनेछ। साथै गाउँपालिकाको अनुगम,न प्रतिवेदनको सुझाव र पृष्ठपोषणलाई आगामि दिनमा मागमा आधारित कार्यक्रम तर्जुमा गर्न र प्रभावकारी कार्यान्वयनको लागि आधारको रुपमा लिनेछन्।

**३५. अमान्य हुने:** यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपालको संविधान, संघीय, प्रादेशिक कानुनसँग बाझिने दफाहरु बाझिएका हदसम्म अमान्य हुनेछन् ।

**३५. कारबाहीको व्यवस्था**: सांझेदारले लिएको प्रोत्साहन अनुदान रकम दुरुपयोग गरेको पाइएमा निजलाई नकरात्मक सूचीमा सूचिकृत गरी प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडी बढाईनेछ ।

**३६. कार्यविधि संसोधन तथा खारेजी**: गाउँपालिकाले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन र खारेजी गर्न सक्नेछ ।

गौरीशंकर गाउँपालिका, दोलखा

## अनुसूचि-१
## कार्यक्रम सम्बन्धि प्रस्ताव मूल्याङ्कनका आधारहरु

कार्यक्रमको नामः

आवेदकको नामः

ठेगानः

| क्र.सं. | सुचाङ्क आधार | अधिकतम सम्भव्यत अंक | प्राप्त अंक |
|---|---|---|---|
| **१** | **प्रमुख मापदण्ड** | **६५** | |
| क | कार्यक्रमको कमाण्ड क्षेत्रका लाभाम्वित वर्ग फर्म/समुह/ सहकारी/ संस्था | १० | |
| ख | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफन/ संख्या | १० | |
| ग | सामाजिक एवम लैङगिक सहभागिता (महिला/पुरुष/दलित आदी) | १० | |
| घ | प्रस्तावित कार्यले उत्पादन बृद्दि प्रसोधन र बजारीकरणमा पुग्ने सहयोग | १५ | |
| ङ | प्रस्ताबित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० | |
| च | प्रस्ताबित बाली/ वस्तुको भौगोलिक एवम प्राविधिक उपयूक्तता | १० | |
| **२** | **सहायक मापदण्ड** | **३५** | |
| क | प्रस्ताबको आवश्यक कागजातको प्रकृया पुरा भएको | ५ | |
| ख | समान प्रकृतिका अनुदान सहयोगको पहुच नभएका समुह/सहकारी/संस्था आदी | ५ | |
| ग | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिबद्दता | ५ | |
| घ | प्रस्ताबित बाहेक परियोजना लाभान्भित हुन सक्ने अन्य लाभान्भित वर्ग | ५ | |
| ङ | प्रस्तावित कार्यको सृजनात्मकता एवम नवितम | ५ | |
| च | आबेदकको संस्थागत क्षमता तथा कार्य अनुभब | ५ | |
| छ | प्रस्ताबित कार्य कृषकको माग एबम आबश्यकता अनुरुप रहे/ नरहेको | ५ | |
| **जम्मा** | | **१००** | |

गौरीशंकर गाउँपालिका, दोलखा

**अनुसूचि-२**
**आवेदनको ढाँचा**

मिति-२०……./……./…..

श्री कार्यालय प्रमुख ज्यू
गौरिशंकर गाउँपालिका, सुरी दोलखा।

**विषयः** ……………………………कार्यक्रमका लागि आवेदन पेश गरिएको बारे।

उपरोक्त सम्बन्धमा गौरीशंकर गाउँपालिकाको मिति……………………………………… मा प्रकाशित सूचना बमोजिम सञ्चाचालन हुन लागेको ……………………………………………………………………………कार्यक्रममा सहभागी हुन इच्छुक रहेको र मैले / मेरो घर परिवार / संस्थाले अघिल्लो आ व मा यस कार्यक्रम बाट अनुदान नलिएको हुदा मेरो कृषि व्यवसाय प्रवर्द्धनको लागि नियमानुसार देहायका क्रियाकलापको लागि अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

| क्र.स. | कार्यक्रमको नाम | हालको अबस्था | अनुदान माग गरेका क्रियाकलापहरू |
|---|---|---|---|
| | | | |

**निवेदक**
दस्तखतः
नामः
पदः
वडा नः
सम्पर्क नः
छापः

गौरीशंकर गाउँपालिका, दोलखा

**अनुसूचि-३**
**प्रतिबद्धता पत्रको ढाँचा**

गौरीशंकर गाउँपालिकाको मितिः.................................को सार्वजानिक सुचना अनुसार यस श्री.........................................................................फर्म/समुह/सहकारीले........................................ .......................................कार्यक्रम सञ्चालन गर्न सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु छौं ।

**साझेदारको तर्फबाट**

नामः

पदः

स्थानीय तहको नामः

ठेगाना:

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

गौरीशंकर गाउँपालिका, दोलखा

## अनुसूचि-४
## संक्षिप्त कार्ययोजनाको ढाँचा

१.आवेदन पेस गरेको कार्यक्रमको नाम:

२) आवेदन संस्थाको नामः

३) ठेगानाः

४) संस्था दर्ता मितीः

५) सम्पर्क व्याकतको नाम र पदः

६) सम्पर्क नम्बरः

७) कार्यक्रम संचालन हुने स्थानः

८) व्यावसायको आधारभूत विवरण:

| क्र.सं. | संचालित व्यवसायको नाम | संख्या | व्यावसायबाट उत्पादन हुने मुख्य मुख्य बस्तु | उत्पादन हुने बार्षिक परिमाण | बार्षिक कारोबार |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

९) संचालन गरिने क्रियाकलापको विवरण

| क्र.सं | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

गौरीशंकर गाँउपालिका, दोलखा

१०)हाल रहेको पशु संख्या र पशुको जात वा बालीबस्तु र क्षेत्रफल :-

११) हाल सम्म लिएका अनुदान विवरणः

| क्र.स | अनुदान विवरण | अनुदान दिने निकाय | अनुदान रकम | अनुदान पाएको बर्ष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१३) बर्तमानको समस्याः

गौरीशंकर गाउँपालिका, दोलखा